सिंजा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नराकोट, जुम्ला कर्णाली प्रदेश नेपाल

बैठक संख्याः 32

मितिः२०८३/०२/२०

समयः १:०० बजे

स्थानः सिंजा गाउँपालिका कार्यालय नराकोट जुम्ला ।

उपरोक्त मिति समय र स्थानमा सिंजा गाउँपालिकाका अध्यक्ष श्री पूर्ण प्रसाद धिताल ज्यू को अध्यक्षतामा तपसिलमा उल्लेखित कार्यपालिका सदस्यहरुको समेत उपस्थितिमा बसेको बैठक देहाय बमोजिमका निर्णय गरियो ।

| सिं न | दर्जा | नामथर | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | पूर्ण प्रसाद धिताल | | |
| २ | उपाध्यक्ष | सितली रोकाया | | |
| ३ | १ नं वडा अध्यक्ष | हरिनन्द आचार्य | | |
| ४ | २ नं वडा अध्यक्ष | तिर्थ वड | | |
| ५ | ३ नं वडा अध्यक्ष | सुरथ बहादुर रावत | | |
| ६ | ४ नं वडा अध्यक्ष | रन्जित बुढा | | |
| ७ | ५ नं वडा अध्यक्ष | कृष्ण बहादुर रोकाया | | |
| ८ | ६ नं वडा अध्यक्ष | लाल बहादुर बुढा | | |
| ९ | कार्यपालिका सदस्य | राजपुरा दमाई | | |
| १० | कार्यपालिका सदस्य | रुपकेउडा विष्ट | | |
| ११ | कार्यपालिका सदस्य | दन्ता कामी | | |
| १२ | कार्यपालिका सदस्य | मागी वड | | |
| १३ | कार्यपालिका सदस्य | हरिचन्द्र सार्की | | |
| १४ | कार्यपालिका सदस्य | मोति दमाई | | |
| १५ | सदस्य सचिव | टेक बहादुर शाही | | |

निर्णय नं १

सिंजा गाउँपालिकामा विगत ३ बर्ष देखि राष्ट्रिय बाणिज्य बैक शाखा कार्यालय जुम्ला अन्तर्गत रही सिंजा गाउँपालिकामा रहेको राष्ट्रिय बाणिज्य बैकको काउन्टर लाई शाखा कार्यालयको रुपमा स्तरोन्नति भई सकेकोले उक्त कार्यालय सञ्चालनको लागी यस गाउँपालिकाको प्रशासनिक भवन निर्माण भए पश्चात उपयुक्त स्थानमा उपलब्ध गराउने गरी हाललाई काउन्टर सञ्चालन भईरहेकै स्थान बाट नै कार्यालय सञ्चालन गर्ने गरी निशुल्क रुपमा भवन उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं २

सिंजा गाउँपालिका बाट सञ्चालित योजनाका लागी गठित उपभोक्ता समितिका खाताहरु राष्ट्रिय बाणिज्य बैक नराकोट शाखा कार्यालयबाट सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं ३

सशस्त्र प्रहरी विपद् व्यवस्थापन वेस क्याप्पका लागी सिंजा गाउँपालिकाको वडा नं ३ मा रहेको ईलाका प्रशासन कार्यालय नजिकै रहेको सामुदायिक भवन र कृषि सेवा केन्द्रको भवन आवासका लागी प्रयोग गर्न दिने निर्णय गरियो।

निर्णय नं ४

स्थानीय पूर्वाधार विकास कार्यालय सुर्खेत द्धारा निर्मित शित भण्डार हाल सम्म अलपत्र रहेको र उक्त शित भण्डारमा आवश्यक विद्युत जडान गरी सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गर्न अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं ५

सिंजा गाउँपालिकामा NGO Help Desk स्थापना गर्ने र सो सम्पर्क व्यक्ति स्वास्थ्य शाखा प्रमुख ललितजंग रोकायालाई तोक्ने निर्णय गरियो।

निर्णय नं ६

सिंजा गाउँपालिकामा सञ्चालित बाल गृह अनुदान सहायता कार्यविधि २०८३ पारित गर्ने निर्णय गरियो।

सिंजा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नराकोट, जुम्ला
कर्णाली प्रदेश नेपाल